ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# BMC JOURNAL
## OF SCIENTIFIC RESEARCH

A Multidisciplinary Peer Reviewed Research Journal

Volume 6 December 2023

**Published by:**
**Research Management Cell**
Birendra Multiple Campus
Bharatpur, Chitwan, Nepal

**Research Management Cell**

| | | |
|---|---|---|
| Prof. Dr. Sita Ram Bahadur Thapa | - | Coordinator |
| Prof. Dr. Harihar Paudyal | - | Member |
| Prof. Arun Kumar Shrestha | - | Member |
| Prof. Dr. Krishna Prasad Paudyal | - | Member |
| Assoc. Prof. Dr. Dhaneshwar Bhattarai | - | Member |
| Assoc. Prof. Dr. Manoj Kumar Lal Das | - | Member |
| Assoc. Prof. Dr. Krishna Prasad Sapkota | - | Member |
| Assoc. Prof. Dr. Ek Narayan Paudyal | - | Member |
| Assoc. Prof. Dr. Ganga Raj Pokhrel | - | Member |

**Publisher:**
**Research Management Cell**
Birendra Multiple Campus, Bharatpur, Chitwan, Nepal
E-mail: rmcbirendra@gmail.com

Copyright © 2023:
**Research Management Cell**
Birendra Multiple Campus, Bharatpur, Chitwan, Nepal

**ISSN: 2594-3421 (Print), 2773-8191 (Online)**
Reproduction of this publication for resale or other commercial purpose is prohibited without prior written permission of the copyright holder.
Printed in **Siddhababa Offset Press**, Bharatpur, Chitwan, Nepal, Contact: 9855050040

**Price :** 200/-

# Contents


1. **Quality of Life Among Elderly People in Chitwan District, Nepal** 1-15
   Jiwan Kumar Poudyal, Dhanendra Veer Shakya, Sumitra Parajuli, Govinda Prasad Dhungana
2. **Theoretical Investigation of the Thermodynamic Properties of Lead-free Ternary Alloys Sn-Sb-Bi and their Subsystems** 16-30
   Sanjay Kumar Sah, Indu Shekhar Jha, Ishwar Koirala
3. **Surface Tension of Liquids (Water, Chloroform and Acetone) by Capillary Rise Method** 31-36
   Dipak Raj Adhikari, Tek Bahadur Budha, Anup Basnet, Shesh Kant Adhikari, Shiva Pd. Baral
4. **Study of Fiber Yielding Plants of Devchuli Municipality Ward no.13, Nawalparasi** 37-45
   Pooja Pokharel and Manoj Kumar Lal Das
5. **Study of Quality and Damping Factor at First and Second Resonance of Closed Organ Pipe** 46-54
   S.K. Adhikari
6. **Ethnobotanical and Phytochemical Study of *Houttuynia cordata* Thunb: A Review** 55-62
   Hari Devi Sharma, Janardan Lamichhane, Smriti Gurung and Balkumari Oliya
7. **Impact of Mandatory Corporate Social Responsibility on Beneficiary Institutions Satisfaction in Nepal** 63-72
   Sudip Wagle
8. **University Students' Knowledge and Attitudes about Plagiarism: A Web-Based Cross-Sectional Study** 73-81
   Hari Prasad Upadhyay, Bijay Lal Pradhan, Prativa Sedain
9. **Social Biases and Equity Investment Decisions of Individual Investors: Behavior Finance Perspective** 82-96
   Mohan Prasad Sapkota, Shiva Bhandari
10. **Customers' Trust in E-payment : The Influence of Security and Privacy** 97-112
    Omkar Poudel1, Pradeep Acharya and Daya Simkhada
11. **ARIMA and Exponential Smoothing Model to Forecast Average Annual Precipitation in Bharatpur, Nepal** 113-125
    Sarad Chandra Kafle, Ekta Hooda
12. **Impact of Intellectual Capital on Firms' Performance: With Perspective of Commercial Banks in Chitwan** 126-135
    Udaya Kumar Shrestha

13. **Impact of GDP and Inflation on Stock Market in India: A Case Study of BSE Index** 136-148
Satyendra Kushwaha, Sarad Chandra Kafle, Baburam Khanal

14. **Awareness of People on Functions of Local Government in Nepal** 149-161
Lila Prasad Limbu

15. **Gender Based Knowledge on the Reservation System in Nepal** 162-171
Purnima Shrestha

16. **'परमानन्द' महाकाव्यमा छन्दविधान** 172-179
दामोदर रिजाल

17. **योद्धा उपन्यासमा वर्गपक्षधरता** 180-191
प्रभा मरहट्ठा कोइराला

18. **विश्वेश्वरप्रसाद कोइरालाको 'सान्नानी' कथामा प्रजाति** 192-200
राजेन्द्र गिरी

BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Peer Reviewed Research Journal*
ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# विश्वेश्वरप्रसाद कोइरालाको 'सान्नानी' कथामा प्रजाति

**राजेन्द्र गिरी**
त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन।
E-mail: rajendragiri191@gmail.com

*Received: July 23, 2023, Accepted: Nov. 1, 2023*

**सारसङ्क्षेप**

*प्रस्तुत आलेखमा साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको 'सान्नानी' कथामा प्रजातिको अध्ययन गरिएको छ। यो समाजशास्त्रीय सिद्धान्तको मान्यतामा आधारित अध्ययन हो। समाजशास्त्रले साहित्यको समाजसँग रहेको सम्बन्धको खोजी गर्दै त्यसको व्याख्या, विश्लेषण गर्दछ। कलासाहित्यलाई व्यक्तिगत प्रतिभा र चिन्तनको उपज मानिन्छ। त्यस उपजले सामाजिक मूल्यमान्यता, परम्परा, विश्वास र आस्था प्राप्त गर्दछ। त्यसैले साहित्य व्यक्तिद्वारा सृजना गरिए पनि त्यो सामाजिक अभिव्यक्तिका रूपमा देखापर्दछ। साहित्यको समाजशास्त्रीय सिद्धान्तका विभिन्न आधारमध्ये प्रजाति, क्षण र परिवेश रहेको छ। तसर्थ यस लेखमा विश्वेश्वरप्रसाद कोइरालाको 'सान्नानी' कथामा प्रजातिको अध्ययन गरिएको छ। प्रजातिको अध्ययनका विविध आधारमध्ये सहज आनुवंशिक गुण, समान सांस्कृतिक विशेषता, जलवायु र भूगोल, खानपान र शारीरिक संरचनालाई मुख्य आधार बनाई व्याख्या विश्लेषण गरिएको छ।*

***शब्दकुञ्जी*** *: पीतवर्ण, देहात, बनारस, धोती, चोलो, गोसाईंस्थान।*

## १. विषयपरिचय

विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) नेपाली साहित्य जगत्का विशिष्ट प्रतिभा हुन्। उनले नेपाली साहित्यका कथा, कविता, उपन्यासजस्ता विधामा कलम चलाएका छन्। उनका *दोषीचस्मा* (२००६) र *श्वेतभैरवी* (२०३९) दुईओटा कथासङ्ग्रहहरू प्रकाशित छन् भने *तीनघुम्ती* (२०२५), *नरेन्द्र दाइ* (२०२६), *सुम्निमा* (२०२७), *मोदिआइन* (२०३६), *हिटलर र यहुदी* (२०४०) र *बाबु, आमा र छोरा* (२०४५) गरी छओटा उपन्यासहरू प्रकाशित छन्। उनका कृतिमा मनोवैज्ञानिक, सामाजिक, मानवतावादी, नियतिवादी, अस्तित्वमूलक जस्ता विचारहरूको कलात्मक प्रस्तुति भएको पाइन्छ। विश्वेश्वर प्रसाद कोइरालाको प्रथम नेपाली कथा *चन्द्रवदन* (१९९२) हो। उनले यसै कथाबाट कथायात्रा सुरु गरेका हुन्। उनको *दोषीचस्मा* (२००६) कथासङ्ग्रहमा चारओटा कथाहरू रहेका छन् भने *श्वैतभैरवी* (२०३९) कथासङ्ग्रहमा अठारवटा कथाहरू रहेका छन्। ती कथाहरूमध्ये यहाँ 'सान्नानी' (२०३९) कथामा प्रजातिको अध्ययन गरिएको छ।

## २. अध्ययनको समस्या

साहित्यको समाजशास्त्रीय सिद्धान्त साहित्यिक कृतिको विश्लेषण गर्ने आधार हो। यस आधारमा साहित्यकार कोइरालाको 'सान्नानी' (२०३९) कथामा के कस्ता प्रजातिको चित्रण गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासा नै यस अध्ययनको समस्या रहेको छ।

## ३. अध्ययनको उद्देश्य

विश्वेश्वरप्रसाद कोइरालाको 'सान्नानी' कथालाई फ्रान्सेली दार्शनिक हिप्पोलाइट एडल्फ टेनको समाजशास्त्रीय मान्यताका विविध आयामबाट व्याख्या र विश्लेषण गरी निष्कर्ष निकाल्न सकिन्छ। प्रस्तुत लेखमा टेनको साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारमा रहेर 'सान्नानी' कथामा प्रजातिको विश्लेषण यस लेखको मूल उद्देश्य रहेको छ।

## ४. अध्ययनविधि

हिप्पोलाइट एडल्फ टेनको प्रजातिसम्बन्धी सिद्धान्तका आधारमा 'सान्नानी' कथाको प्रजाति पहिचान गरी त्यस आधारमा विश्लेषण गरिने भएकाले प्रस्तुत अध्ययन मुख्यतः निगमनात्मक विधिमा केन्द्रित छ। स्थापित सिद्धान्तको आधारमा अध्ययनको आधार तयार पारिएको भए तापनि कथा विश्लेषणका सन्दर्भमा भने आगमनात्मक विधिको प्रयोग गरिएको छ। त्यसैले प्रस्तुत लेखमा निगमनात्मक र आगमनात्मक दुवै विधिको उपयोग गरिएको छ।

### ५. विश्लेषणको ढाँचा

यस अनुसन्धानमा हिप्पोलाइट एडल्फ टेनको समाजशास्त्रीय अवधारणालाई आधार बनाएर विश्लेषण गरिएको छ। उनले प्रजाति, क्षण र परिवेशसम्बन्धी समाजशास्त्रीय मान्यता उल्लेख गरेका भए तापनि यस लेखमा टेनको प्रजातिसम्बन्धी अवधारणालाई मात्र आधार बनाई व्याख्या विश्लेषण गरिएको छ।

टेनको प्रजातिको व्याख्या सहज वंशाणुगत गुण, समान सांस्कृतिक विशेषता, जलवायु र भूगोल, खानपान र शारीरिक संरचनासम्बन्धी मान्यता उल्लेख गरेकाले सोही आधारमा 'सान्नानी' कथाको व्याख्या विश्लेषण गरिएको छ।

### ६. सैद्धान्तिक पर्याधार

प्रजाति मूलतः समाजशास्त्रीय अध्ययनको विषय हो। यो उन्नाईसौँ शताब्दीमा अत्यधिक प्रचलित र व्यापक रूपमा प्रयोग भएको शब्द हो (जैन, १९९२, पृ. २३)। टेनको साहित्यको समाजशास्त्रसम्बन्धी त्रिसूत्रीय धारणामध्ये 'प्रजाति' एक हो। साहित्यिक कृतिमा प्रजातिलगायत अन्य समाजशास्त्रीय विषयको अध्ययनको परम्परा अठारौँ शताब्दीबाट भएको देखिन्छ। अठारौँ शताब्दीमा विकोले होमरका काव्यकृतिहरूको अध्ययनका आधारमा ग्रिसेली समाजको विवेचना गरेदेखि पाश्चात्य समालोचनाका क्षेत्रमा सामाजिक अध्ययन परम्पराको सुरुआत भएको पाइन्छ (क्षेत्री, २०६४, पृ. १७)। विकोले होमरका विश्वचर्चित कृतिहरू *इलियड र ओडेसी*मा पाइने पात्र, युग र समाजको अध्ययन गरेका थिए। यस क्रममा उनले *इलियड*मा सम्पूर्ण युनानभरि युद्धका कारण मानिसमा प्रतिशोध, आवेग र आक्रोशको मनोविज्ञान जन्मिएको धारणा राख्दै प्रजातिसम्बन्धी प्रारम्भिक चिन्तन प्रस्तुत गरेका थिए। यस्तै उनले *ओडेसी*मा युद्धको आक्रोश क्रमशः मत्थर हुँदै चिन्तन, मनन र विवेकले प्रतिरोधी भावनालाई जित्दै गरेका अवस्थालाई चित्रण गरेको (जैन, १९९२, पृ. १४) कुरा उल्लेख गरेका छन्।

हिप्पोलाइट एडल्फ टेन (सन् १८२८-१८९३) साहित्यको समाजशास्त्रका प्रवर्तक मानिन्छन्। उनी फ्रेन्च दार्शनिक, साहित्यकार, राजनीतिज्ञ तथा निबन्धकारका रूपमा चर्चित रहेका छन्। *हिस्ट्री अफ इङ्गलिस लिटरेचर, द फिलोसोफी अफ आर्ट* र *जर्नी अफ इटली*जस्ता ग्रन्थमा उनले साहित्य र समाजका बारेमा व्यापक दृष्टिकोण प्रस्तुत गरेका छन्। यीमध्ये उनको *हिस्ट्री अफ इङ्गलिस लिटरेचर* नामक कृतिमा प्रयोग भएको रेस, इपोच र सर्कमस्टेन्स शब्दलाई अनुशीलन गर्ने क्रममा फरक-फरक प्रयोग भएको पाइन्छ।

टेनको सिद्धान्तमा मानवचेतना प्रबल रहेको छ। उनले समाज, संस्कृति, कला, साहित्य, भाषा आदि सबैको अध्ययनले लक्ष्य मनुष्यको बारेमा जान्नु रहेको धारणा व्यक्त गरेका छन्। उनले अङ्ग्रेजी साहित्यको भूमिकामा कलाकृति वा दस्तावेजको अध्ययनको उद्देश्य मानवका बारेमा थाहा पाउनु र सम्पूर्ण मानवको ज्ञानको साध्य मानिस रहेको धारणा प्रस्तुत गरेका छन्। जातको अवधारणा विशेषगरी हिन्दुदर्शन वा विचारसँग जोडिएको छ। हिन्दु किम्वदन्तीका अनुसार जातको उत्पत्ति प्राचीन आर्यन संस्कृतिका चार वर्णहरूसँग जोडिएको भन्ने पाइनछ। टेनले प्रजातिअन्तर्गत व्यक्तिको सहज तथा वंशानुगत विशेषता, मानसिक बनावट, शारीरिक संरचना आदिको चर्चा गरेका छन्। एक प्रजाति देश, कालको दृष्टिले टाढाटाढा फैलन जाँदा पनि उसमा केही समान विशेषताहरू अवश्य रहन्छन्। प्रजातिको चरित्रगत विशेषतामा जलवायु, माटो (धर्ती) को इतिहासको महान् घटनाको उपज रहन्छ। त्यसैले प्रजातिको विशिष्ट चेतना वा सौन्दर्यानुभूति चरित्रमा देखा पर्दछ। प्रजातिअनुसार नै सौन्दर्यको आदर्श विकास हुन्छ (पाण्डेय, १९८९, पृ. १२४)। वंशानुगत गुण भन्नाले कुनै प्रजातिमा परम्परादेखि सर्दै आएका विशेषता भन्ने बुझिन्छ। वंशानुगत गुणको निर्माण रज र वीर्यको संयोगबाट भएको हुन्छ। यी दुवैको सम्मिलनबाट सन्तान पैदा हुन्छन्, जसमा आमा र बाबुका वंशाणु रहेका हुन्छन् (क्षेत्री, २०६४, पृ. २१)। यिनै वंशाणुले गर्दा नै प्राणी काला, गोरा, पहेंला र विभिन्न शारीरिक विशेषता भएका हुन्छन्। वंशाणुले नै वंश-परम्परादेखि प्राणीको शारीरिक र मानसिक निर्माण रहेको हुन्छन्।

टेनको वंश-परम्पराबाहेक प्रजातिलाई छुट्याउने आधार शारीरिक बनावटलाई लिएका छन्। शारीरिक बनावट भन्नाले मान्छेको उचाइ तथा मोटाइ अनि आकार-प्रकार भन्ने बुझिन्छ (क्षेत्री, २०६४, पृ. २२)। टेनले आर्यहरूको उदाहरण दिँदै एउटा प्रजाति विभिन्न देशमा फैलिए तापनि ती प्रजातिका मौलिक विशेषता तथा पदचिह्न कायम रहने कुरा बताएका छन् (अलवेचट तथा अन्य, १९७०, पृ. ३५४)। टेनका दृष्टिमा सिन्धुघाँटीको सभ्यतासँग सम्बन्धित कतिपय आर्यहरूको स्वभाव जोडेर भए पनि सधैँ स्नान गर्ने खालको पाइन्छ। आर्य तथा चिनियाहरूको शारीरिक बनावटमा भिन्नता देखिन्छ, किनभने चिनियाँहरूको सानो नाक, चिम्से आँखा भएका प्रायः होचा कद र अनुहारमा दाह्री-जुँगा नभएका हुन्छन् (क्षेत्री, २०६४, पृ.२२)।

यसरी मान्छेको शारीरिक संरचना वा बनावटमा अन्तर देखिनमा मानवको वंशानुगत विशेषता झल्कन्छ । टेनले अङ्ग्रेजहरू युद्धकौशल तथा औद्योगिक प्रतिभा सम्पन्न भएकाले विश्वभरि आफ्नो व्यापार फैलाउन सफल रहेको कुरा बताउँदै एउटा जातिमा विशेष प्रतिभा हुन्छ भन्ने उल्लेख गरेका छन् ।

टेनको मतमा सम्पूर्ण साहित्यचिन्तनको लक्ष्य समाजको मानवजाति तथा प्रजातिबारे जान्नु हो । कृतिको सर्जक र कृतिमा व्यक्त भएका मानवका बारेमा जान्नका निम्ति साहित्यको अध्ययन आवश्यक हुन्छ । कुनै पनि साहित्यिक कृति आकाशबाट अवतरित भएको हुँदैन । प्रत्येक पुस्तक कुनै समयका प्रजातिहरूको छाया तथा खोलजस्तो हुन्छ । जसरी प्राणीको अवशेष र खोलबाट प्राचीन प्राणीको अध्ययन गर्न सकिन्छ त्यसरी नै कृतिको अध्ययनबाट मानव प्रजातिको अध्ययन गर्न सकिन्छ (क्षेत्री, २०६४, पृ. २३) । प्राचीन अवशेष र पुस्तक दुवै निर्जीव वस्तु हुन् तर यिनीहरूको अध्ययनबाट कुनै समयका जीवित मानव अस्तित्वको अध्ययन हुन सक्छ । यसरी टेनले प्रजातिलाई साहित्यको समाजशास्त्रीय अध्ययनका निमित्त एउटा मुख्य विषयका रूपमा लिएका छन् । टेनले प्रजातिका सन्दर्भमा विभिन्न धारणा प्रस्तुत गरेका छन् । उनले प्रजातिका सम्बन्धमा प्रस्तुत गरेका आधारहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ ः

**६.१ सहज आनुवंशिक गुण**

जैविक तथा प्राकृतिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा सर्ने समान अभिलक्षणलाई आनुवंशिक गुणका रूपमा हेर्न सकिन्छ । कृत्रिमता र असहजता नरहने यस्ता गुणहरूमा बाह्य प्रभावीहरूको खासै भूमिका रहँदैन । अपौरुषीय स्वभावका यस्ता प्रवृत्तिहरू वंशानुगत आचरणमा निहित हुन्छन् । नश्लीय सम्बन्धले समान र भिन्न अभिलक्षणको निर्धारण हुने गर्दछ । यसर्थ कृतिमा जातिको पहिचानका लागि सहज अनुवंशिक गुणको खोजी गर्नु जरुरी हुन्छ (चौहान, २०७४, पृ. २१) ।

परम्परागत रूपमा भएका पुस्तौं-पुस्ताका गुणहरू तिनका सन्तानमा सर्ने प्रक्रियालाई वंशानुक्रम भनिन्छ । यसलाई अङ्ग्रेजीमा ‘हेरिडिटी’ भनिन्छ । प्रत्येक बाबुआमामा भएका गुणहरू गर्भको सन्तानमा सर्दछन् । सामान्यतः बाबुबाट पचास र आमाबाट पचास प्रतिशत वंशानुगत गुणहरू तिनका सन्तानमा सर्दछन् । पुरुष कोषको शुक्रकीट र स्त्री कोषको डिम्बको संयोगबाट गर्भधारण हुन्छ (टेन, ई. १९०६, पृ. ५०) । यी दुवैको कोषको केन्द्रमा तेईस जोडा वंशसूत्र (क्रोमोजोम) हुन्छन् । यी वंशसूत्रमा अनगिन्ती गुणसूत्रहरू (जीन) रहेका हुन्छन् । यिनै गुणसूत्रले नै आमाबाबुमा निहित गुणहरू गर्भधारणको समयमा तिनका सन्तानमा प्रसारित हुन्छन् । यस प्रकार एउटा नयाँ सृजित शिशुमा असी हजारदेखि एक लाख बीस हजारसम्म गुणहरू रहन्छन् । गुणसूत्रले बालकको शरीरको ढाँचा, आँखाको रङ्ग, केशको रङ्ग र विभिन्न व्यवहारका साथै हात, खुट्टा, कान, छाती, घाँटीलगायतका सम्पूर्ण अङ्ग्र-प्रत्याङ्गमा आमाबाबुसँग मिल्दो प्रभाव पार्दछ (पौडेल, २०७२, पृ. २२-२३) । वंशाणुक्रमको प्रभाव व्यक्तिको सम्पूर्ण जीवनभरि परेको हुन्छ । मानव जीवनका सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक, नैतिक, मानसिक, चारित्रिकजस्ता पक्षहरूमा यसको प्रत्यक्ष प्रभाव रहन्छ ।

**६.२ समान सांस्कृतिक विशेषता**

संस्कृति सामाजिक आचार वा व्यवहार हो । समाज सापेक्ष तथा समाज निरपेक्ष रूपमा संस्कृतिको उपस्थिति कृतिमा रहन्छ । यही समाज सापेक्ष रहने समान सांस्कृतिक अभिलक्षणहरूले जातिगत स्वरूप निर्धारण गर्दछ । सांस्कृतिक समानताका दृष्टिकोणले कालान्तरमा पृथक् र समान जातिको पहिचान गर्न सकिन्छ (चौहान, २०७४, पृ. २१) ।

संस्कृति त्यो जटिल समग्रता हो, जसमा ज्ञान, विश्वास, कला, आचार, प्रथा तथा अन्य क्षमता अनि आचरण समावेश हुन्छ । यसका नाताले मानिसले समाजको सदस्यता प्राप्त गर्दछ (क्षेत्री, २०७४, पृ. २८) ।

यसरी संसारका सांस्कृतिक गुणहरू, सांस्कृतिक जटिलताहरू, सांस्कृतिक ढाँचाहरू आदिमा समानता देख्न सकिन्छ । समान किसिमको वातावरणमा मानिसको सोच्ने र चिन्तन गर्ने प्रक्रिया पनि समान रूपमा रहने गर्छ । यही कारणले सबै स्थानमा समान आविष्कार भएको मान्न सकिन्छ । वातावरणको भिन्नताका कारणले गर्दा एउटै संस्थाको पनि विभिन्न रूपहरू हुन सक्छन् । यस अर्थमा हेर्ने हो भने भिन्न-भिन्न स्थानमा पनि समान संस्कृति पाउन सकिन्छ (देवकोटा र ओझा, २०६६, पृ. ६६) । समान आविष्कारको कुरा गर्दा कृषिको आविष्कार दक्षिणपूर्व एवम् दक्षिण-पश्चिम एसिया तथा अमेरिकामा समानरूपमा भएको पाइन्छ । कागजको निर्माण र छापाखानाको आविष्कार पनि पूर्व र पश्चिममा एकैसाथ भएको देखिन्छ । त्यसैले संस्कृति भनेको मानिसको जैविक वंशानुगत गुण नभई सामाजिक वा सांस्कृतिक उत्पादन मानिन्छ । त्यसैले संस्कृति जैविक रूपमा एउटा पुस्ताबाट अर्को पुस्तामा वंशाणुद्वारा सर्ने नभएर समयको गतिसँगै सामाजिकीकरणको माध्यमबाट

मानिसहरूले सिक्दै जाने गर्दछन् ।

साहित्य र संस्कृतिका बिचमा घनिष्ट सम्बन्ध रहेको हुन्छ । वस्तुतः संस्कृति मानवको श्रेष्ठतम संस्कार हो । शब्द, स्वर, रेखा, रङ, प्रतीक आदिको सहायताबाट साहित्यकारले जुन कुरा व्यक्त गरेको हुन्छ त्यो कुरा संस्कृतिको अङ्ग विशेष हो (क्षेत्री, २०६४, पृ. ३१) । यो सामाजिक परम्परा अनि लिखित वा मुद्रित शब्दका माध्यमबाट पनि हाम्रो सामुन्ने उपस्थित भएको हुन्छ । यसकारण साहित्य संस्कृतिको एक खण्ड वा अंश हो । संस्कृति बाह्य प्रकट हुने विविध माध्यममध्ये साहित्य पनि एक विशिष्ट माध्यम हो । संस्कृतिको परिधि अत्यन्त ठुलो छ, साहित्य त्यस ठुलो क्षेत्रको एउटा अङ्ग हो ।

**६.३ जलवायु र भूगोल**

कुनै पनि जाति कस्तो जलवायु र भूगोलमा विचरण गर्दछ भन्ने कुरा भिन्न जलवायु र भूगोलको सापेक्षतामा हेर्न सकिन्छ । वास्तवमा यस अवस्थितिले जातिगत स्वरूप निर्धारण गर्दछ । समान नश्लीय सम्बन्ध रहे तापनि भौगोलिक सीमा फरक-फरक भएमा वा भूगोलअनुसारको जलवायुगत परिवर्तनले जातिगत स्वरूप निर्धारण गर्दछ (चौहान, २०७४, पृ. २१) । साहित्यमा यही फरक जातिको निर्माणको स्वरूप खोज्नु जरुरी रहन्छ । वातावरण र मानिसका बिचमा खास खालको सम्बन्ध हुने गर्छ, जसले गर्दा सांस्कृतिक विविधता देखिने गर्छ (देवकोटा र ओझा, २०६६ : २३०) । वातावरण र संस्कृतिबिचको अन्तर्सम्बन्धबाट नै मानिसको सांस्कृतिक ढाँचा र जीवनशैलीको उत्पत्ति, विकास र निर्धारण भएको पाइन्छ ।

ग्रिक दार्शनिक प्लेटो र अरस्तुले हावापानीलाई सरकारसँग सम्बन्धित गरेर हेरेको देखिन्छ । उनीहरूको विचारमा ग्रिकमा प्रजातान्त्रिक सरकार हुनुमा त्यहाँको आदर्श हावापानी भएको उल्लेख गरेको पाइन्छ ।

टेनले प्रजातिको निर्माणमा विकासवादी डार्विनबाट प्रभाव ग्रहण गरेका छन् । डार्विनका अनुसार विषम परिस्थितिमा केही प्राणी परिस्थितिको सामना गर्न सक्षम हुन्छन् र केही हुँदैनन् । जो प्राणी विषम परिस्थितिमा प्रकृतिको सामना गर्न सक्दैनन् ती स्वतः नष्ट भएर जान्छन् र सामन गर्न सक्ने बाँच्दछन् । जुन प्राणीले आफूलाई प्रकृतिको अनुकूल बनाउँछ त्यही प्राणी जीवित रहन सक्दछ । यसरी प्रकृतिको अनुकूल बनाउँदा प्राणीको वंशाणुगुणमा नयाँ गुणको प्रभाव परेपछि त्यसको कारणले गर्दा नयाँ प्रजातिको उत्पत्ति हुन्छ र त्यही पछि गएर त्यसको प्रवर्तक हुन्छ (क्षेत्री, २०६४, पृ. २२) । यसरी वातावरणका प्रभावमा विभिन्न प्रजातिको चरित्र निर्माण हुन्छ ।

वातावरणीय वा भौगोलिक निर्धारणवादको मुख्य मान्यता भनेको नै वातावरणले संस्कृतिलाई निर्धारण गर्छ भन्ने हो । कुनै पनि ठाउँको प्राकृतिक हावापानी, भौगोलिक स्थिति र परिवेश जस्तो छ त्यस्तै खालको संस्कृति विकास हुने गर्छ । किनकि वातावरण भन्ने कुराको अस्तित्व संस्कृतिको भन्दा पहिले नै हुने भएकाले संस्कृतिले त केवल आफूलाई त्यहाँ समायोजन गर्नका लागि मात्र अग्रसर हुने गर्दछ (देवकोटा र ओझा, २०६६, पृ. २१९) । यसरी जातिमा जलवायु र भूगोलले संस्कृतिको विशेषताको स्वरूप निर्धारण गर्न सघाउँछ । साहित्यमा ती गुणहरूको प्रकटीकरण खोज्नुपर्ने देखिन्छ ।

**६.४ खानपान र शारीरिक संरचना**

नश्लीय अभिलक्षणका साथै जाति पहिचान गर्ने आधार खानपान र शारीरिक संरचना हो । खानपानले जैविक अभिलक्षण नै प्रभावित नपारे तापनि कालान्तरमा शारीरिक संरचनामा फरकपन ल्याउने प्रायः निश्चित छ । समान भूगोल, जलवायु, संस्कृति तथा आनुवंशिकता रहे तापनि पौष्टिकताले जैविक बनावट अर्थात् भौतिकस्वरूप परिवर्तन गरिदिन्छ (चौहान, २०७४, पृ. २१) । जसको फलस्वरूप भिन्न जातिको उपस्थिति हुने देखिन्छ ।

टेनले वंशपरम्परावाहेक प्रजातिलाई छुट्याउने आधार शारीरिक बनावटलाई मानेका छन् । शारीरिक बनावट भन्नाले मान्छे को उचाइ तथा मोटाइ अनि आकार-प्रकार भन्ने बुझिन्छ । टेनका मतमा शारीरिक कदको सम्बन्ध वंशाणुसित मात्र हुँदैन, त्यसको पौष्टिक भोजन तथा जलवायुले पनि प्रभाव पारेको हुन्छ (वेलेक, ई. १९५५, पृ. २९) । टेनले आर्यहरूको उदाहरण दिँदै एउटा प्रजाति विभिन्न देशमा फैलिए तापनि ती प्रजातिका मौलिक विशेषता तथा पदचिह्न कायम रहने (अलवेचट तथा अन्य, ई. १९७०, पृ. ३५४) कुरा बताएका छन् ।

**७. 'सान्नानी' कथामा प्रजाति**

'सान्नानी' कथाको समाजशास्त्रीय विश्लेषणका निमित्त फ्रान्सेली दार्शनिक हिप्पोलाइट एडल्फ टेनको मान्यताअनुसार गरि एको छ । उनले साहित्यका समाजशास्त्रका निमित्त कृतिमा रहेको प्रजातिको अध्ययनबाट मात्र सम्भव भएको हुन्छ भन्ने मान्यता राख्दछन् ।

कथाको 'म' बालपात्रले कथाकारको प्रतिनिधित्व गरेको छ । सान्नानी उसकी बालसखाको रूपमा कथामा देखिएकी छे । यी दुवैको अतिरिक्त सान्नानीकी आमा, मुनरिया, फगुनी, नजरिया आदिले कथामा प्रतिनिधित्व गरेको पाइन्छ । तिनीहरूको प्रतिनिधित्वलाई निम्नलिखित आधारमा विश्लेषण गरिएको छ :

**७.१ 'सान्नानी' कथामा सहज आनुवंशिक गुण**

'सान्नानी' कथामा 'म' पात्रले नै प्रमुख भूमिका खेलेको छ । उसले कथाको सुरुदेखि अन्त्यसम्म आफ्नो प्रमुखता व्यक्त गरेको छ । उसले आमालाई गौणपात्र र मनुरिया, फगुनी र नजरियाजस्ता पात्रलाई सहायक भूमिकामा सीमित पारेको पाइन्छ । खासगरी 'म' पात्रको परिवार पूर्वी-मध्य देहातको गाउँमा बसाईँ सर्छन् । 'म' पात्र बालक छ । उसले सहरको वातावरणभन्दा तराईमा विल्कुल फरक पाउँछ । उसले सहर र ग्रामीण परिवेशको संसार बुझ्न निक्कै कठिन भएको छ । आफ्नी आमासँग हिड्न सधैँ बस्ने क्रियाकलापले आमामा वितृष्णा पैदा भएको पाइन्छ । यही परिवेशबाट उत्पन्न घटनाक्रम समाज र देशकै समस्याका रूपमा केन्द्रित छ । कथामा सहायक पात्रको कुनै खासै भूमिका छैन । कथामा वितरित घटनाक्रम तथा पात्रको उपस्थितिका आधारमा समान र भिन्न नश्लीयसम्बन्ध पहिचान गर्न सकिने सहज अवस्था छैन । जाति पहिचानका लागि सहज आनुवंशिक अभिलक्षणको केन्द्रीयतामा दुई स्वरूप छन् - एउटा पात्र 'म' पात्र वा पुरुष जाति हो भने अर्को पात्र सान्नानी वा स्त्री जाति हो । यसमा बालपात्रमा नश्लीय स्वभावको उत्पीडन प्रष्ट देखिँदैन । बरु आमाबाट 'म' पात्र सुरुमा किनारीकृत भएको छ । यसमा घर, परिवार, समाज, संस्कृति आदिले बालपात्रलाई विवश बनाएको छ । कथाको समग्रता हेर्दा पितृसत्तात्मक सत्ता गौण देखिन्छ । बालकलाई आमाले मात्र संस्कारमा उपस्थित गराएकी छिन् । त्यसैले यस कथामा प्रयोग भएका सहज आनुवंशिक गुणलाई पहिचान गर्न सकिन्छ । साक्ष्य एक "मन टुहुरो हुन्छ; घबडाहटले आमा कहाँ टाँस्सिन पुग्छ, त्यो भयभीत बालक" । (पृ. २१८)

यस साक्ष्यमा सहरीय क्षेत्रमा बसोबास गरेको जातिको चित्रण छ । कथामा पीतवर्ण बालक असहाय प्राणीको रूपमा उल्लेख छ । बालक सहरमा जन्मिन्छ, सहरमै हुर्किन्छ तर एक्कासी सहरबाट चुँडिएर बाध्यतावश परिवारसहित मध्य देहातको क्षुद्र गाउँमा पुग्दछ । त्यसबेला ऊ निरीह हुन्छ, देहातको विराट संसार हेर्छ तर कुनै समाधान छैन । जसको फलस्वरूप उसको मन टुहुरो हुन्छ र आमासँग टाँसिन्छ । बालकले गरेका विविध व्यवहार आमासँग मिल्दो छ । यस प्रभावले आमा र अबोध बालक निरीह देखिन्छन् । यी मानव जीवनका सामाजिक, आर्थिक, मानसिक, चारित्रिक पक्षहरूमा प्रत्यक्ष प्रभाव जातीय रूपमा प्रकट भएको छ । 'म' पात्र बालकको रूपमा देखिए तापनि जातीय आधारको गुण सहज आनुवंशिक रूपमा आएको छ । बालकको बोली, व्यवहार, चरित्र, जीवनचर्या र संस्कारले एउटै प्रजातिको सन्तानको रूपमा रहेको पहिचान गर्न सकिन्छ । साक्ष्य दुई "यो गाउँमा खोइ कहाँ छ सडक, यहाँ त आमालाई छाड्यो कि यो महाशून्य कहीँ लोप होइएला भन्ने डर । (पृ. २१८)

यस साक्ष्यमा बालकले मध्य देहातको गाउँमा अनुभव गरेको प्रसङ्ग आएको छ । सहरको व्यवस्थित बाटो, पर्खाल र महलको सम्झनास्वरूप यो अनुभव गरेको हो । उसले जैविक तथा प्राकृतिक रूपले आफ्नो परिवारको अभिलक्षणलाई आनुवंशिक गुणले पछ्याएको छ । बालकले आमाबाहेक अरूलाई देखेको छैन । यो गुण बालकमा देखिएको छ । त्यसैले आमालाई छोड्न सक्दैन । आमाको वंशानुगत गुण बालकमा सरेको छ । ती क्रियाकलापहरू जीवनभरि विभिन्न किसिमले प्रकट हुने हुँदा आमालाई छाड्यो कि महाशून्यको अनुभव गर्दछ र डराउँछ । त्यसैले बालकमा वंशानुक्रमको प्रभाव यथार्थरूपमा प्रस्तुत गरिएको पाइन्छ । साक्ष्य तीन "आँखा साना-साना, नाकको पोरा सेख बाक्लो तर डाँडी केही थिचिएको, साँघुरो ललाट, हातगोडा रुखा भए तापनि नराम्रो होइनन् । (पृ. २२१)

यस साक्ष्यमा 'म' पात्रले सखीको शारीरिक बनावटलाई प्रस्तुत गरेको छ । मेरै उमेरकी सखीको आँखा साना-साना भएका, नाकको पोरा, सेख बाक्लो भएको, डाँडी कहीँ थिचिएको, साँगुरो ललाट र हातगोडा रुखा भएको सङ्केत गरिएको छ । शरीरको वर्ण छुट्याउन गाह्रो भएको ताम्र, गहुँ र कालो वर्ण सम्मिश्रणबाट बनेको शारीरिक संरचनाको सङ्केत गरिएको छ । ती गुणहर आमाबाबुसँग मिल्दोजुल्दो रहन्छन् । मध्य देहातमा बसोबास गर्ने प्रायः सबैजसोको शारीरिक संरचना अस्पष्ट माटो र सूर्यको तापले बनाउने गरेको यथार्थ चित्रण छ । त्यसैले यसमा मध्य देहातको प्रजाति सम्मिश्रण गुणलाई चित्रण यस साक्ष्यले दिएको छ । साक्ष्य चार "उसको मुखमा हलुको चिल्लोपन मैले देखें, गालाका मध्यमा गुलाफी रङ्ग, बाक्लो ओठ, स्निग्ध, छाती पुष्ट जसमा स्तनाङ्कुरको तीक्ष्ण आभास, कम्मर पातलो, नाभि गहिरो, तिघ्रा र पिँडुलाले केही गोलाई धारण गर्न लागेको ।" (पृ. २३१)

यस साक्ष्यमा 'म' पात्र र उसको सखी सान्नानी र गोसाइँस्थानको दर्शन गर्न जाँदा 'म'पात्रले अनुभव गरेका प्रसङ्ग चित्रण छ। सान्नानीले उसलाई गोसाइँजीको ध्यान गर्न भने पनि उसको ध्यान सान्नानीमा रहेको पाइन्छ। सान्नानीको शारीरिक बनोटको प्रसङ्ग उल्लेख छ। जैविक तथा प्राकृतिक रूपले देखिने अभिलक्षण यसमा 'म' पात्रले देखाएको छ अर्थात् यसमा जातिको पहिचान सहज रूपले गरिएको छ। पूजाआजा, क्रियाकलाप ब्रह्माण्ड जातिको अभिलक्षण हो। त्यसैले यसमा पात्रगतरूपले विभेद जातिको प्रसङ्ग छैन। नारीमा हुनुपर्ने गुणको प्रसङ्ग दिइएको छ। बालक अवस्थाबाट युवा अवस्थामा प्रवेश गर्न लागेकी सान्नानीको चित्रण गरिएको छ। उसको गुलाबी ओठ, पुष्ट छाती, पातलो कम्मर, तिघ्रा र गोलो पिँडुला आदिको चित्रण गरेर सांस्कृतिक तथा चारित्रिक पक्षको प्रसङ्ग देखाई सहज आनुवंशिक गुण जातिमा उपस्थित गराइएको पाइन्छ।

७.२ 'सान्नानी' कथामा समान सांस्कृतिक विशेषता

प्रजाति पहिचानमा आनुवंशिकताका अतिरिक्त सांस्कृति अभिलक्षणलाई महत्त्वपूर्णरूपमा हेरिन्छ। आनुवंशिक दृष्टिकोणले नजिक हुनुले भूगोल र संस्कृतिमा पनि समानता रहन्छ। यदि समान संस्कृति भएमा एउटै प्रजाति र भिन्न भएमा भिन्न प्रजाति हुने प्रबल सम्भावना रहन्छ। सान्नानीको परिवार मध्य देहातको हो। 'म' पात्र सहरबाट मध्य देहातमा गएपछि यी दुईको भेट भएको छ। यी दुवैको भेटमा समान सांस्कृतिक सम्बन्धसमेत निर्माण गरेको छ। साक्ष्य एक "आमाले खाडीको छिटको चोलो लाउनु भएको थियो जसको कालो-रातो रङ्गका बुट्टा धुँदा-धुँदा खुइलिइरहेका थिए, केवल बुट्टाका अस्पष्ट रेखाहरू मोटो खाँडीमा बाँकी बचेका थिए।" (पृ. २१९)

यस साक्ष्यमा 'म' पात्रलाई टेठी दीपनगर भन्ने गाउँ अनौठो लाग्छ। आफू बनारसमा जन्मेको, त्यहीँ हुर्केकोले यो गाउँ अनौठो लागेको हो। आमासँगै टाँस्सिएर बसिरहेकाले आमाले बाहिर खेल्न जान आग्रह गर्छिन् तर 'म' पात्रलाई सबै वातावरण नौलो लागेकाले पृथ्वी सबैकी आमा होलिन् भन्ने बुझ्दा-बुझ्दै पनि त्यस दिन वृद्धाले नगरेको माया उनका निम्ति अभिशाप संस्कृति बनेको पाइन्छ।

'म' पात्रको आमाले समेत खाँडीको छिटको रातो रङ्गको चोलो खुइलिएको उल्लेख गरेर समान सांस्कृतिक विशेषता देखाउन खोजेका छन्। आमाले लगाएको अस्पष्ट बुट्टे चोलोका रेखाहरू मोटो खाँडीमा बचेकाले ती मेरा लागि आफ्नोपन र विश्वासका ढुकुटी उल्लेख गर्दछन्। मेरा हृदयले सारा धुमिल रेखा अङ्कण माया भएर गएकोले आमाको पिठ्यूँमा अङ्कमाल गर्न पुगेको समान संस्कृतिको प्रवेश गराइएको छ। साक्ष्य दुई "दृढतासँग हात समातेर सङ्कोच र लज्जाले भूमिसात हुन लागेको कलिलो सहर बालकलाई एउटी हावापानीमा स्वच्छन्द रूपबाट हुर्केकी ग्राम बालिकाले बाहिर लगी।" (पृ. २२१)

यस साक्ष्यमा 'म' पात्रको सांस्कृतिक मनोविज्ञानलाई उल्लेख गरिएको छ। उसलाई आमाले भीडभाड रहेकोले घरदेखि बाहिर गएर साथीसँग खेल्दिए राम्रो भन्दछिन् तर लज्जा र सङ्कोचले 'म' पात्रको भावना नखुलेको संस्कृति देखिन्छ। पुरुषप्रधान समाजमा पुरुषले गर्नुपर्ने क्रियाकलापबाट ऊ टाढा छ। त्यसको फलस्वरूप स्वच्छन्द रूपबाट हुर्केकी बालिकाले तानेर खेल्नको लागि लगेको समान संस्कृति विकसित भएको छ। संस्कृति एउटै भएकाले 'म' पात्र र कथाकी सान्नानीमा भय, लज्जा र सङ्कोच विलीन हुँदै गएको चित्रण गरिएको छ। साक्ष्य तीन "हामीहरू कुद्दै पुग्यौं, नजरियाकहाँ। सान्नानीले बाटैमा सचेत गरेकी थिइ, नजरिया मुसलमान हो, जसकी दुलही गाउँ-गाउँमा काँचका चुरा बेची-बेची हिँड्छे।" (पृ. २२४)

यस साक्ष्यमा मुसलमान जातिको मौलिक संस्कारको पहिचान दिइएको छ। मुसलमानले पानपसल र मुसलमानकी दुलहीले आफ्नो संस्कृतिअनुरूप गाउँ-गाउँमा काँचका चुरा बेच्ने प्रचलन पाइन्छ। उनीहरूको सानो झुप्रो घर छ। उनीहरूले आफ्नो पेसाबाट सामाजिक र आर्थिक संस्कारलाई कायम गरेको देखिन्छ। 'म' पात्रलाई कथाकी सान्नानीले सचेत गराउँदै उनीहरूको जातिगत पहिचान बताइएको पाइन्छ। साक्ष्य चार "छाप्रोको छानोमा एउटा सेतो टाउको भएको बिरालो देखापऱ्यो। बतहिया राति त्यसैमा चढेर निस्कन्छे र गाउँका असावधान व्यक्तिहरूको सुतेको मौका पाएर रगत चुस्छे। तिघ्राको मेटिन लागेको एउटा नीलो डाम देखाएर सान्नानीले मलाई भनी हेर, हिजो राति मलाई बोक्सीले चुसेको।" (पृ. २२६)

यस साक्ष्यमा 'म' पात्र र कथाकी सान्नानी एक दिन घुम्न निस्कन्छन्। सोही समयमा सेतो टाउको भएको बिरालो देखापर्छ त्यस बिरालोलाई कथाकी सान्नानीले बतहिया यसैमा चढेर निस्किने गरेको, गाउँका व्यक्तिहरू सुतेको मौका छोपेर रगत चुस्ने गरेको भन्दै सान्नानीले आफ्नो तिघ्राको डाम देखाउँछे। यसैले यसमा जातीय अन्धविश्वासको संस्कारलाई पहिचान गराइएको छ। यस प्रसङ्गमा कथाको 'म' पात्रले कुनै प्रतिक्रिया नदिएकोले उसमा पनि यस्तो संस्कृति रहेको थाहा पाउन सकिन्छ।

### ७.३ 'सान्नानी' कथामा जलवायु र भूगोल

'सान्नानी' कथाको वर्णित भूगोल मुख्य गरी मध्य देहातको ठाउँ रहेको छ । यद्यपि 'म' पात्रले आफू जन्मेको, हुर्केको बनारसको प्रसङ्ग र बाबाजीको अखाडा भएको गोसाइँस्थानको समेत चर्चा गरेको पाइन्छ । 'सान्नानी' कथाको प्रसङ्गमा पीतवर्ण बालक एक्कासी सहरबाट चुँडिएर मध्य देहातको विराट संसारलाई हेर्छ । त्यहाँको स्थानको फैलाव र नीलो आकाशको विस्तीर्णता समेत पाउँदछ। साक्ष्य एक "स्थानको कत्रो फैलाव, नीलो आकाशको कत्रो विस्तीर्णता ।" (पृ. २१८) यस साक्ष्यमा 'म' पात्र जन्मेर हुर्केको ठाउँ भनेको सहर हो । तर ऊ देहातमा परिवारका साथ स्थान्तरण भएको छ । उसले त्यस देहातको नयाँ ठाउँ अनौठो रहेको पाउँछ । देहातको भूगोलले उसलाई अचम्मित पार्छ । आँखाले देखेसम्म जमिनको फैलावट र आकाशको विस्तीर्णता  पाउँछ । जसको फलस्वरूप ऊ एक्लो महसुस गरी आमासँग टाँस्सिन पुगेको पाइन्छ । यसमा भौगोलिक सीमामा पाएको फरकले डर भित्रिएको छ । उसले देहातमा सडक सहरको जस्तो पाउँदैन । वायु त्यस्तै निर्गन्ध, काशीको हावाभन्दा बिल्कुल फरक, नालापनालाको गन्ध, चिसो गल्ली र घामले तातेको अटालिका, मिठाइको ग्वालाहरूले ठुल्ठुलो कराईमा तताईराखेको दुधको गङ्गाजीपारिको बालुवाको गन्धले भरिएको विभिन्न आत्मीयताको न्यानो लिएर बग्ने बनारसको हावा नभएको वर्णन गरेको छ । साक्ष्य दुई "खोमचावालाले चाट बेच्दै हिँडेको पुरानो शिशी, बोतल किन्ने मानिसको लेघ्रो तनाई, माग्नेहरूको आर्तनाद, पानवाला, मिठाइवाला, सियो, धागो, सिन्दूर बेच्ने बाक्सावाला, हिँग र मेवा किन्छौ कि भन्दै हिँड्ने कावुलीवालाहरूका विभिन्न तीब्रता र सुरका पुकारहरूको सम्मिलित ध्वनि ।" (पृ. २१९) यस साक्ष्यमा भौगोलिक कारणले जातमा सांस्कृतिक, आर्थिक र सामाजिक विविधता पाइन्छ । 'म' पात्रले बनारसको गल्लीको ध्वनि भित्री कानले सुन्दछ भने बाह्य कानले देहातको जातीय अभिलक्षण पाउँछ । त्यसैले कथामा खोमचावालाले चाट बेच्दै हिँडेको, कवाडी माग्दै हिँडेको, मान्छेको आवाज, माग्नेहरूको र सामान बेच्नेहरूको ध्वनिले समेत उपस्थित गरई सहज रूपमा देहातको जातीय पहिचान गराइएको छ । साक्ष्य तीन "ढुङ्गाका घर, ढुङ्गाका सडक, ढुङ्गाका घाटहरू, त्यहाँको जीवनको चारैतिरका दृढ, स्थिर, प्रस्तर आधार - ढुङ्गा । यहाँ गाउँमा केवल छ खुकुलो माटो, जो सानो हावाको झोकामा पनि फुकिन्छ र जताततै छाप्छाप्ती भएर झर्छ ।" (पृ. २२०)

यस साक्ष्यमा यसमा 'म' पात्रले बनारसको अनुभव उल्लेख गरेका छन् । त्यहाँको ढुङ्गाका घर, सडक, घाटहरू देख्दा अहिलेसम्म अमिट छाप मनमा रहिरहेको बताउँछन् । उनले देहातमा पाएका खुकुलो माटोका घर, सडक र घाटहरू सानो हावाको झोक्काले छाप्छाप्ती भएर झर्ने भौगोलिक र जलवायुको चित्रण छ । काशीमा माटोले घेरेर पुष्पवाटिकामा नागरिकका लागि सजाइएर राखिएका गमलाहरूको चर्चा गरेकाले भूगोलअनुसार फरक जलवायुले जातिको निर्माणमा भूमिका खेलेको पाइन्छ । साक्ष्य चार "नजानिँदा-नजानिँदै मेरो जीवनभित्र यो देहातको सुन्दरता र मनोरमताको ठुलो भव्य चित्र अङ्कित गरिरहेको रहेछ । त्यहाँको घाम, पानी, माटोले आमाको स्तनधारबाट आएको जीवनरस जस्तै मेरो सम्पूर्ण जीवनलाई शारीरिक स्वास्थ्य र हृदयको नैसर्गिक आनन्दले परिपूर्ण गरिरहेको थियो ।" (पृ. २२८)

यस साक्ष्यमा 'म' पात्रले मध्य देहातको भौगोलिक र जलवायुले जीवनशैली भिन्न-भिन्न हुन्छ भन्ने सङ्केत गराएको छ । उनलाई मध्य देहातका सुरुका दिन निक्कै कष्टकर लाग्छ । आफू जन्मेको र हुर्केको बनारसको भौगोलिक वातावरण मेटाउन निक्कै गाह्रो पर्छ । उसका दिनहरू समयसँगै बित्दछन् । उसलाई नजानिँदो किसिमले देहातको सुन्दरता र मनोरमताले तानेको छ । 'म' पात्रलाई आमाको स्तनबाट आएको जीवनीरसजस्तै घाम, पानी, माटोले आफूलाई आनन्द गरेको प्रसङ्ग उल्लेख छ । यसरी सहर र ग्रामीण जीवनशैलीलाई जातीय पहिचान गराउन भूगोल र जलवायुले परिपूरकको रूपमा कार्य र कारणको सम्बन्ध निर्धारण गरेको हुन्छ भन्ने सन्देश व्यक्त छ ।

### ७.४ 'सान्नानी' कथामा खानपान र शारीरिक संरचना

'सान्नानी' कथामा पात्रयोजनाअनुसार निर्धारित भूमिकामा जाति पहिचान गर्न सहज  छैन । सहज आनुवंशिकस्वरूप वा नश्लीय अभिलक्षणमा एकीकृत हुने पात्र छैनन् । यसर्थ खानपान, शारीरिक संरचनाका आधारमा समेत जाति पहिचान गर्नु जरुरी छ । कथाको सङ्कथनात्मक संरचनामा मानव दुई जातिमा विभाज्य छ - पुरुष र नारी । यसमा 'म' पात्र र उसको सखी सान्नानीको बालमनोविज्ञानको चिन्तन प्रवाहित भएको कुरा यस साक्षबाट थाहा पाउन  सकिन्छ । साक्ष्य एक "काँचो आँप, इमली खाएर दिनभरि घाममा नुहाएर आँखा राता-राता पार्दै हामीहरू बेलुकीपख घर फर्किन्थ्यौँ - शरीरमा थकान, पीडा र जलन लिएर ।" (पृ. २२९)

यस साक्ष्यमा 'म' पात्र र कथाकी सान्नानी बालसखी हुन् । नेपाली बालबालिकाले खाने गरेको काँचो आँप र इमलीको उल्लेख छ । बालबालिककाका अभिभावकले जतिसुकै भने पनि घाममा नुहाएर राता-राता आँखा पार्ने चित्रण गरिएको छ । बालबालिकाले खेल्न थालेपछि समय र थकानका पीडाले 'म' पात्र पनि ज्वरोले पीडित भएको पाइन्छ । उसलाई ज्वरो आउँदा सान्नानी नजिकै बस्ने, ज्वरोले टन्केको कन्चटमा आफ्नो शीतल हात राखिदिने संस्कारले यो संस्कृति बोकेको जाति हो भन्ने बुझिन्छ । साक्ष्य दुई "जङ्गली फलको खोजीमा चहारी हिँड्ने, बडहर, बेल, बयर, शरिफा, इमली, सान्नानी जसले मलाई यी फलहरूको सञ्चयको जुक्ति बताएकी थी - रुख चढेर हाँगा लच्काएर टिप्न झटारो हानेर ।" (पृ. २३२)
यस साक्ष्यमा 'म' पात्रको बालसखी टाढा हुनलाग्दाको अनुभूति पाइन्छ । नेपाली पूर्वीय समाजमा संस्कारले ठुलो भूमिका खेल्छ । लामो समयसँग खेलेको र हुर्केको साथी सान्नानी चोलो र धोती लाएर टाढा हुन लागेको सन्दर्भ आएको छ । भेला भएर घर फर्कदाको सम्झना, रात्रीको आलु पोलेर खाएको, जङ्गली फलको खोजीमा चहारी हिँड्ने र जङ्गली फललाई सञ्चयको जुक्ति बताइदिने, हाँगा लट्काएर वा झटारो हानेर टिप्ने प्रवृत्तिको सङ्केत छ । यसमा नेपाली वा हिन्दु जातिको धर्म, संस्कार, खानपान र पहिरनको पहिचान गरिएको छ । साक्ष्य तीन "एउटी पूर्णवयस्का नारी, गाढा नीलो रङ्गको धोती लगाएकी र त्यस्तै रङ्गको चोलो, जसको माथिल्लो तुनो उधारेर एउटा काखको बालकलाई स्तनपान गराइरहेको छ र केटाकेटी उसको गोडातिर बसेर दुध-चिउरा खाइरहेका छन् ।" (पृ. २३३)
यस साक्ष्यमा 'म' पात्रले सान्नानीलाई तिस वर्षपछि खोजिरहेको सङ्केत गरिएको छ । सान्नानीको विवाह भएको, 'म' पात्र पढ्का लागि बनारसतिर लागेकोले लामो समयपछि सान्नानी घर आएको भन्ने थाहा पाई 'म' पात्र उसको घरमा गएको पाइन्छ । यसले गर्दा नेपाली जाति, हिन्दु धर्म, संस्कारको अभिलक्षण प्रवेश भएको छ ।
'म' पात्रले अर्धवयस्क एक युवक र पूर्ण वयस्का नारी, गाढा नीलो रङ्गको धोती लगाएर नेपाली हिन्दु नारीको पहिचान गरिएको, हिन्दु नारीको चोलाले परम्परागत भेषभूषाको सम्मान गर्न सिकाएको छ । केटाकेटी हुँदा जे-जस्तो भए पनि प्रौढ हुँदा अनिवार्य लगाउनु पर्ने सङ्केत छ । उसले माथिल्लो तुना फुकालेर काखको बच्चालाई स्तनपान गराइरहेको समेत 'म' पात्रले पाउँछ । यसमा नेपाली आमाको मूल्य र मान्यता भित्रिएको छ । अन्य केटाकेटीहरू गोडानेर बसेर दुध-चिउरा खाइरहेको प्रसङ्ग छ । यसले गर्दा नेपाली समाजको खानपिनको पहिचानलाई जातीयरूपमा उल्लेख गरिएको छ ।

**८. निष्कर्ष**

विश्वेश्वरप्रसाद कोइरालाको 'सान्नानी' कथामा 'म' बालपात्रले कथाकारको प्रतिनिधित्व गरेको छ । सान्नानी उसकी बालसखीका रूपमा छे । 'म' पात्रले आफ्नो बाल्यकाल बनारसमा बिताउँदाको क्षणहरूको स्मरण गराएको छ । ऊ बनारसबाट विस्थापित भई पूर्वी नेपालको मध्य देहाती गाउँ टेढी दीपनगरमा पुग्छ । त्यहाँ उसले दौतरीका रूपमा सान्नानीलाई पाउँछ । यी दुई पात्रका अतिरिक्त 'म' पात्रकी आमा मनुरिया, फगुनी, नजरिया आदिसमेत आएका छन् ।
'सान्नानी' कथामा सहज आनुवंशिक गुण 'म' पात्र र सान्नानीको व्यवहारबाट प्रकट भएको छ । 'म' पात्रले आफ्नी आमाबाहेक कसैलाई विश्वास गरेको देखिँदैन । आमालाई छाडेर अरूसँग खेल्न नजानु, जातीय संस्कृतिका रूपले गोसाइँजीको ध्यान गर्नुले सहज आनुवंशिक गुणको प्रवेश छ । यसमा समान सांस्कृतिक विशेषता प्रजातिको बिचमा रहेको पाइन्छ । 'म' पात्र र सान्नानीको बालमनोविज्ञानले यसलाई प्रमाणित गर्छ । मुसलमान जातिको पेसागत पहिचान र बोक्सीको अन्धविश्वासले समेत समान संस्कृतिको विशेषता बोकेको छ । 'म' पात्र मध्य देहातमा पुग्दा सान्नानीले हात तानेर खेल्न लागेको प्रसङ्गसमेत जातीय संस्कारभित्र पर्दछ । यस कथामा 'म' पात्र मध्य देहातमा पुग्दा नयाँ अनुभवको भागिदार बन्छ । उसलाई त्यहाँको जलवायु र भूगोलले समेत सहज जातीय पहिचान गराउन सहयोग गरेको छ । त्यस्तैगरी यस कथामा जातीय पहिचानको लागि खानपिन र शारीरिक संरचनाले भूमिका खेलेको छ । 'म' पात्र र सान्नानी बालसखा भएकाले फलफूल टिप्न जाने, सहयोग गर्ने र पोसाक लगाउँदा जातीय संस्कृतिलाई आत्मसात गरेकाले बोली, व्यवहार, चरित्र, जीवनचर्या, संस्कार र संस्कृतिको आचरणबाट प्रजातिको पहिचान गर्न सकिन्छ ।

**सन्दर्भसामग्री सूची**

क्षेत्री, उदय (२०६४). 'इन्द्रबहादुर राईका आख्यानको अध्ययन'. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. कीर्तिपुर : नेपाली केन्द्रीय विभाग. त्रि.वि. ।
चौहान, ईश्वर (२०७४). 'हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा जाति, क्षण र पर्यावरण'. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. कीर्तिपुर

: नेपाली केन्द्रीय विभाग. त्रि.वि. ।
जैन, निर्मला (अनु. तथा सम्पा.) (सन् १९९२). *साहित्यका समाजशास्त्रीय दृष्टिमा चिन्तन.* दिल्ली : मोर्डन टाउन ।
टेन, हिप्पोलाइट एडल्फ (सन् २००६). *हिस्ट्री अफ इङ्गलिस लिट्रेचर.* बेलायत : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।
देवकोटा, पदमलाल र ओझा, नेत्रकुमार (२०६७). *सामाजिक संस्था र प्रक्रियाहरूको विश्लेषण.* काठमाडौँ : दिव्य देउराली प्रकाशन प्रा.लि. ।
पाण्डेय, मैनेजर (सन् २००६). *साहित्य के समाजशास्त्र की भूमिका.* चण्डिगड : हरियाणा साहित्य अकादमी ।
पौडेल, युवराज (२०७२). 'लैनसिंह वाङ्देलका उपन्यासमा प्रजाति, परिवेश र युग'. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. कीर्तिपुर : नेपाली केन्द्रीय विभाग. त्रि.वि. ।
शर्मा, हरिप्रसाद (२०५०). *विश्वेश्वरप्रसाद कोइरालाका कथा.* काठमाडौँ : साझा प्रकाशन ।
*Albrecht, M.C. et al., The Sociology of Art and Literature. London : Dokworth.*
*Wellak, R.A. (1955 A.D.). History of Modern Criticism. London : Jonathancape.*